# फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिका बैठक

आ. व. २०८०/०८१ को बैठक संख्याः १३

मितिः २०८१/०१/०९

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधी, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो ।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङदेम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

का. वा. वडा अध्यक्ष श्री धन कुमार तामाङ

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव निर्मल ~~तुम्रोक~~ अधिकारी (नि.प्र.प्र.अ.)

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको निर्णय समिक्षा सम्बन्धमा । |
| निर्णय नं. १. | मिति २०८० चैत ०७ गते बसेको अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । कार्यान्वयन हुन बाकी रहेका निर्णयहरुलाई तदारुकताका साथ कार्यान्वयन गर्न सबैले पहल गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. २. | सामुदायिक स्वास्थ्य इकाईको जग्गा प्राप्ती र रजिष्ट्रेसन पास सम्बन्धमा । |
| निर्णय नं. २. | फाल्गुनन्द-६ र ७ को वसाँगुमा सामुदायिक स्वास्थ्य इकाई निर्माणको लागि कोशी प्रदेशबाट बजेट विनियोजन भएको हुँदा उक्त इकाई निर्माण गर्नका लागि आवश्यक जग्गा पालिकाको नाममा प्राप्ति गर्न गाउँ कार्यपालिकाको मिति २०८०/१२/०७ को निर्णय वमोजिम कार्यालयको मिति २०८०/१२/०९ गते फाल्गुनन्द गाउँपालिका वडा नं. ६ र ७ आङसराङको सामुदायिक स्वास्थ्य केन्द्रको भवन निर्माणका लागि निशुल्क जग्गा प्राप्ति गर्ने सम्बन्धि सार्वजनिक सुचना प्रकाशन गरी निशुल्क रुपमा जग्गा उपलब्ध गराउन रित पूर्वक निवेदनका साथ पेश हुन आएको देहायको आवेदनहरु स्विकृत गरी निशुल्क जग्गा प्राप्ती समिति मार्फत प्रकृया अगाडी वढाउने निर्णय गरियो ।<br>**देहायः**<br>१. मणी कुमार कुरुम्बाङ ९क/ कि. नं.-५ पा. सि. २-९-०-३ मध्ये (दक्षिणबाटोबाट मुख २० मिटर पुर्व-पश्चिम, उत्तर तिर ५६ मिटर पूर्व-पश्चिम, पूर्वतिर ३२ मिटर पुर्व उत्तर र पश्चिम तर्फ ३१ मिटर पश्चिम उत्तर गरी जम्मा २-०-०-० रोपनी जग्गा प्राप्ती हुने ।<br>२. योगेन्द्र कुमार कुरुम्बाङ ९क/ कि. नं.६ पा. अ. २-१२-०-२ मध्ये जग्गाको पश्चिमबाट दक्षिणबाटो देखि तल पूर्व उत्तर र पश्चिम उत्तर तर्फबाट १-०-०-० रोपनी जग्गा प्राप्ती हुने । |
| प्रस्ताव नं. ३. | कृषि तथा भेट्नेरी अस्पताल भवन निमार्णको लागि वजेट माग गर्ने सम्बन्धमा । |
| निणय नं. ३. | फाल्गुनन्द गाउँपालिका पशुपंक्षी सेवा शाखाको नाममा साविक फाक्तेप २/ख कि. नं. ९२ र ९५ बाट ३-०-०-० रोपनी जग्गा प्राप्ती भएको हुँदा उक्त जग्गामा कृषि तथा भेट्नेरी अस्पताल भवन निर्माणको लागि संघीय मन्त्रालय अन्तर्गत कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमा आवश्यक वजेट माग गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ४. | प्रदेश सरकार समक्ष योजना माग गर्ने सम्बन्धमा । |
| निर्णय नं. ४. | फाल्गुनन्द गाउँपालिका वडा नं.-२ मा रहेको विकासे सिंचाइ कुलो निर्माणको लागि प्रदेश सरकार, खानेपानी तथा सिंचाई मन्त्रालयमा योजना माग गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ५. | पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम सम्बन्धमा । |
| निर्णय नं. ५. | आ. व. २०८०/०८१ को स्वास्थ्य शाखा गा. पा. अन्तर्गतको पूर्णखोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम सञ्चालन शिर्षकको रु. ५०,०००।०० बाट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, स्वास्थ्यकर्मी, स्वाथ्य संस्था, वडा कार्यालयहरुलाई फ्रेम सहितको प्रमाणपत्र वितरण गरिएले अपुग रकम संघीय सशर्त रकमको पूर्ण खोप सुनिश्चितताका लागि वडा तथा पालिका घोषणा कार्यक्रम शिर्षकबाट खर्च गर्ने निर्णय गरियो । |